स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सौगात मल्ल र सुहाना थापाको मुख्य भूमिका रहेको फिल्म 'परालको आगो' अमेरिका र क्यानडामा पनि रिलिज हुने भएको छ। निर्माण पक्षले फिल्म अमेरिका र क्यानडाका लागि चलचित्र इएनटीले किनेको जानकारी दियो। फिल्मका निर्माता सुशील पोखरेल हुन्। लक्ष्मण सुनारेको निर्देशन रहेको फिल्ममा सौगात र सुहानको अलवा प्रकाश सपुत मुख्य भूमिकामा छन्।

**आजको विचार...**



सन्तोष पौडेल

फागुन...
*(दुई पेजमा)*



मुलुकमा चुनावी सरगर्मी बढ्दै जाँदा नेपाली फिल्मी क्षेत्र फरक विषयले तातिएको छ। खासगरी प्राविधिक, कलाकारहरूले पारिश्रमिक नपाएको भन्दै धमाधम मुख खोल्दैछन्। यही मेसोमा अभिनेता प्रदीप खड्काले काठमाडौंको फिल्म उद्योगभित्र फैलिरहेको विवाद र असन्तुष्टिको डडेलोले आफूलाई पनि मानसिक रुपमा असहज बनाएको बताएका छन्। चितवनमा कामभा केन्द्रित हुन खोज्दा-खोज्दै पनि उद्योगभित्रको अवस्था सम्झँदा आफू उकुसमुकुस महसुस गरिरहेको उनको भनाइ छ।

❐ वर्ष ३१ ❐ अंक २१४ ❐ २०८२ फागुन १९ गते मंगलबार 3 March 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सुरक्षा र उद्धारका लागि तयार रहन सरकारलाई आग्रह



**काठमाण्डौ,** फागुन १८/मध्यपूर्व क्षेत्रमा सुरक्षाबारे चिन्ता बढेको भन्दै गैरआवासीय नेपाली सै (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नेपाल सरकारलाई तत्काल कूटनीतिक तथा सुरक्षा पहल थाल्न आग्रह गरेको छ । एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्का मध्यपूर्व संयोजक रमेश श्रेष्ठले परराष्ट्रमन्त्री बालानन्द शर्मालाई निर्णयबारे जानकारी गराउँदै नेपालीहरूको सुरक्षा, हटलाइन र उद्धारको तयारीका लागि आग्रह गरेका हुन् । पत्रमा यूएई, साउदी अरेबिया, कतार, ओमान, कुवेत, बहराइन लगायतका देशमा झन्डै २० लाखभन्दा धेरै नेपाली विभिन्न क्षेत्रमा कार्यरत रहेको उल्लेख छ । ती देशमा बढ्दो सैन्य गतिविधि र आक्रमणका घटनाले नेपाली समुदायमा त्रास र असुरक्षाको भावना बढेको सैले जनाएको छ । यदि अवस्था अझ जटिल बन्दै गएमा युद्ध प्रभावित क्षेत्रमा रहेका नेपालीलाई कूटनीतिक पहलमार्फत सुरक्षित र व्यवस्थित रूपमा स्वदेश फिर्ता गराउने तयारी अघि बढाउन सरकारलाई एनआरएनएको आग्रह छ ।

## पाल्पामा प्रतिनिधि सभा निर्वाचनको तयारी

# निर्वाचन सामग्रीसहित केन्द्रमा खटिए कर्मचारी

**कृष्ण पोखेल**

**पाल्पा,** फागुन १८/यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि पाल्पाका मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सुरक्षाकर्मीहरू मतपत्र बोकी मतदान स्थलतर्फ लागेका छन् । निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालयबाट मतदानका लागि चाहिने मतपत्रसहित ६० प्रकारका आवश्यक सामग्री बुझी कर्मचारी, सुरक्षाकर्मीहरू आ-आफ्नो मतदान केन्द्रमा खटिएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयदेखि निर्वाचन अधिकृतको कार्यालयमा सोमबार बिहानैदेखि कर्मचारीको भीड लागेको देखिन्थ्यो । उनीहरू निर्वाचन सामग्री बुझेर रुजु गर्ने तथा मतदान स्थलसम्म पुग्ने व्यवस्थापनमा जुटेका थिए । उनीहरु निकै उत्साहका साथ मतदानका सरसमान बुझेर सुरक्षाकर्मीको साथमा मतदानस्थलतर्फ लागेका हुन् । मतदान केन्दमा कर्मचारी, सुरक्षाकर्मी,









परक केन्द्रका कर्मचारीहरु बैठक बस्ने, कार्यविभाजन गर्ने, विभिन्न किसिमका सूचनाहरु टाँस गर्ने रैनादेवी मावि मतदान केन्द्रमा खटिएका मतदान अधिकृत शुरेस भुसालले बताए । पाल्पाका ११८ मतदान स्थलका २५३ केन्द्रमा मतपत्र सहित आवश्यक सरसमान लिएर पुगेका छन् । पाल्पाका अति दुर्गम क्षेत्रका मतदान अधिकृतहरु विहानै मतपत्र सहितका सामाग्री बुझेर मतदान स्थलमा पुगी सकेका छन् । मतदान स्थलमा पुगी सकेपछी मतदान केन्द्र बैठक गर्ने, मतदान स्थलका अन्य केन्द्रहरुसँग पनि सामुहिक बैठक बस्ने, मतदानस्थलमा विभिन्न प्रकारका सूचनाहरु टास गर्ने, सर्बदलिय बैठकको लागि स्थानीयस्तरमा रहेका राजनीतिक दलहरुलाई पत्राचार गर्ने काम हुने मुख्य निर्वाचन अधिकृतको कार्यालय पाल्पाका प्रवक्ता सहायक निर्वाचन अधिकृत केशव पराजुलीले बताए । मुख्य निर्वाचन अधिकृतको कार्यालयले पाल्पाका दुई वटै निर्वाचन क्षेत्रका ११८ मतदान स्थलको २५३ मतदान केन्द्रमा पुगेर सर्बदलिय बैठक सहित निर्वाचन आयोगले तोकेका निर्वाचन सम्वन्धी विभिन्न किसिमका सूचना टास्ने छन् । पाल्पाका दुई वटै निर्वाचन अधिकृतको कार्यालयदेखी टाढाका मतदान केन्द्रहरुमा विहानै, मध्यम दुरी भएका मतदान केन्द्रका कर्मचारीलाई दिउँसो र नजिकका मतदान केन्द्रका कर्मचारीलाई अन्तिम मत्रपत्र वितरण गरिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## पत्रकारका लागि छुट्टै पास नचाहिने

**काठमाडौं,** फागुन १८/निर्वाचनको दिन समाचार संकलनका लागि पत्रकारहरुलाई छुट्टै पास नचाहिने भएको छ । निर्वाचनको दिन सञ्चारकर्मीहरूको आवागमनलाई सहज बनाउन निर्वाचन आयोगले छुट्टै पास वितरण नगर्ने निर्णय गरेको छ ।

आयोगले सूचना विभागले जारी गरेको परिचयपत्रकै आधारमा पत्रकारहरूले देशभर आवागमन गर्न पाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए । उनले ७९ सालको निर्वाचनमा प्रेस काउन्सिल र आयोगबीच केही तिक्तता भएपनि अहिले ०८२ सालमा राम्रो समन्वय रहेको बताए । साथै, मतदान स्थलको ३ सय मिटर वरिपरि कुनै पनि दलको प्रचार सामग्री भएमा त्यसलाई हटाउन र आचारसंहिता पालनामा सघाउन उनले पत्रकारहरूलाई आग्रह गरे । उनले भने, "सञ्चार क्षेत्रमा काम गर्ने व्यक्तिहरूले निर्वाचनमा आवागमन गर्दा आयोगबाट छुट्टै पास लिनुपर्दैन । सूचना विभागले जारी गरेको पास नै मान्य हुनेछ । आवागमनमा कतै समस्या पऱ्यो भने आयोगमा तुरुन्त खबर गर्नुहोस्, हामी सहजीकरण गर्छौं ।" यस्तै मतदाता नामावलीमा नाम भएका जो कोहीले कुनै पनि सरकारी कागजात देखाएर मतदान गर्न पाउने भएका छन् । मतदाता परिचयपत्र साथमा नभएपनि मतदाता नामावलीमा नाम भएका जो कोहीले कुनै पनि सरकारी कागजात देखाएर मतदान गर्न पाउने भएका हुन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका २०८२ को दफा ४३ तथा दफा ८४ मा मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र साथमा लिएर जानुपर्ने उल्लेख छ । तर मतदाता परिचयपत्र साथमा नभए नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, जग्गाधनी प्रमाणपूर्जा वा सवारी चालक अनुमतिपत्रमध्ये कुनै पनि कागजात देखाएर मतदान गर्न पाइने निर्वाचन आयोगले जनाएको छ ।

## 'मौन अवधि' सुरु : निर्वाचन प्रचार-प्रसार निषेध

**पाल्पा,** फागुन १८/आसन्न प्रतिधिसिभा सदस्य निर्वाचनअन्तर्गत राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि गएको मध्यरातदेखि सकिएको छ । निर्वाचन आयोगले दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि सोमबारराति १२ बजेसम्म प्रचारप्रसारको समय प्रदान गरेको थियो ।




मतदान हुने दिनको अघिल्लो ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान सम्पन्न भई मतदान केन्द्र बन्द नहुन्जेलसम्म आयोगबाट प्रचारप्रसार निषेध अवधि तोकिएकाले राजनीतिक दलले गर्न नपाउने निर्वाचन आयोगले जनाएको छ । प्रचारप्रसार निषेध अवधिमा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ । मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचारप्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइने छैन ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## वन्यजन्तु संरक्षण आजको आवश्यकता

वन्यजन्तु संरक्षण अहिले निकै जटिल विषय बन्दै गएको छ । वन्यजन्तुहरुको संरक्षणलाई लिएर हुनुपर्ने सहकार्य, समन्वय र सहअस्तित्वको अभावले जीवजन्तुहरुको अस्तित्वमा ठूलो चुनौतीसमेत थपिरहेको छ । नेपालमा निरन्तर जीवजनावरहरुको चोरीसिकारी, पैठारीजस्ता कार्यहरुमा सोचेको अनुपातमा नियन्त्रण हुन सकिएको छैन । त्यस्ता कार्यहरुमा तस्करहरुको संलग्नताले कयौँ दुर्लभ जनावरहरु समेत लोप हुने अवस्थामा पुगेका छन् । त्यति मात्र होइन तिव्र मानव विकाससँगै बन्यजन्तु लोपउन्मुख अवस्थामा पुगेका छन् । वास्तवमा वन्यजन्तु नेपाल र नेपालीका गहना हुन, यिनीहरुको संरक्षण गर्नु आवश्यक छ । वन्यजन्तुका बासस्थान मासेर नागरिकले घर बनाउनेदेखि अन्य काम गर्न थालेका कारण पनि अहिले जंगली जनावरसमेत गाउँ घर पसेर नोक्सान गर्न थालेका छन् । मानिसले जनावारका बासस्थानको हानिनोक्सानी नगरी उनीहरुलाई सुरक्षित तरिकाले बाच्न पाउने अधिकारको सुनिश्चत गर्न आवश्यक छ । संरक्षित वन्यजन्तुको लागि नागरिकस्तरबाटै ध्यान दिनुपर्छ । विश्वमा पाइने सम्पूर्ण जंगली जनावर र रुख–बिरुवाहरुबारे सचेतना जगाउन र तिनको संरक्षण सम्वर्द्धन गर्न हरेक वर्ष विश्व समुदायले मार्च–३ तारिखका दिनलाई विश्व वन्यजन्तु दिवस मनाउँछ । आज विविध कार्यक्रमहरु गरी यो दिवस मनाइँदै छ । तर दिवसले सार्थकता पाउन भने सकेको छैन् ।

हरेक वर्ष वन्यजन्तुको चोरी सिकारी र तस्करी बढ्दो छ । वन्यजन्तु मारिने क्रम जारी छ । नेपाल पनि यस्तो अवस्थाबाट मुक्त छैन । पर्यावरण चक्रमा संसारका सबै प्राणीको आफ्नै विशिष्टतम महत्व छ । र, तिनको सुरक्षा गर्नु आजको आवश्यकता हो । जैविक विविधताकै आधारमा पृथ्वी र यहाँका हरेक प्राणी र वनस्पतिको अस्तित्व रहने हुँदा त्यसको संरक्षण गर्नु मानवको दायित्व हो । मानव जाति प्राणीमध्येको सर्वोच्च हुनुको अर्थले पनि अन्य प्राणीको संरक्षण गर्ने दायित्व मानव कै हो । मानव सामाजिक र बौद्धिक प्राणी पनि हो, त्यसैले विश्वमा रहेका सम्पूर्ण जंगली जनावर र रुखबिरुवाहरुको बारेमा सचेतना जागृत गराउँदै तिनको संरक्षण र सम्वर्द्धन गर्ने पहलकदमी गर्न हाम्रो भूमिका हुनु पर्दछ । नङ र मासु सरहको वन र वन्यजन्तुको सम्बन्ध र यी दुबैसँग मानव जातिको अस्तित्व जोडिएकाले त्यसको संरक्षणमा जनतादेखि राज्यसम्म लाग्न आवश्यक छ ।

### Opinion @ Social Network

सफलताको लागि कर्म गर, फलको लागि धैर्यता गर
दुखमा तिमी बिचलित नहोउ, सफल हुनेछौ प्रतीक्षा गर ।
*(पुष्पा हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Pushpa.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# फागुन २१ : दल र मतदाताको अग्निपरीक्षा



**सन्तोष पौडेल**

*सामाजिक सञ्जालमार्फत व्यक्त भएको आक्रोश, स्थापित नेतृत्वप्रति अविश्वास र वैकल्पिक राजनीतिक संस्कारको मागले पुराना दलहरूको आत्मविश्वास हल्लाएको छ । घोषणापत्रहरू नियाल्दा स्पष्ट हुन्छ, त्यहाँ धेरै डर र थोरै आशाको प्रतिविम्ब देखिन्छ । भ्रष्टाचारविरुद्ध कठोर कदम, युवालाई नेतृत्वमा ल्याउने प्रतिबद्धता, पारदर्शिता र डिजिटल शासनका वाचा यी सबै जेनजीलाई सम्बोधन गर्ने प्रयास हुन् । पुराना दलमध्ये जेनजी आन्दोलनका बेला सत्ताको साझेदार दल तथा तत्कालीन प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली काग्रेस विशेष महाधिवेशनपछि नयाँ नेतृत्वमा केन्द्रित देखिएको छ ।*

फागुन २१ मा हुन गइरहेको प्रतिनिधि सभा निर्वाचन नेपाली राजनीतिका लागि सामान्य आवधिक चुनाव मात्र होइन, दलहरूको एजेन्डा, नेतृत्व र अस्तित्वको अग्निपरीक्षा बनेको छ । विगतका निर्वाचनहरूमा जस्तै यसपटक पनि सत्ता-प्रतिस्पर्धा त छँदैछ, तर मनोदशाको तहमा हेर्दा राजनीतिक परिदृश्य निकै फरक देखिन्छ । अघिल्ला चुनावमा दलहरूले संघीयता, गणतन्त्रको संस्थागतकरण, संविधान कार्यान्वयन, समावेशिता जस्ता मूल राजनीतिक मुद्दालाई केन्द्रमा राख्ने गरेका थिए। तर यसपटक अधिकांश दलहरू स्थानीय तह निर्वाचनको शैलीमा विकास, पूर्वाधार, रोजगारी र सेवा प्रवाहका एजेन्डामा केन्द्रित देखिन्छन् । यो परिवर्तन आफैँमा अर्थपूर्ण छ । एकातिर राजनीतिक एजेन्डा कमजोर भएको संकेत हो भने अर्कातिर जनताको प्राथमिकता बद्लिएको यथार्थ पनि हो । विशेषत: 'जेनजी विद्रोह' भनेर व्याख्या गरिएको युवा असन्तुष्टिले दलहरूलाई आफ्नो भाष्य परिवर्तन गर्न बाध्य बनाएको छ । परम्परागत नाराभन्दा परिणाममुखी कार्यक्रम प्रस्तुत गर्नुपर्ने दबाब यसपटक सबै दलले महसुस गरेका छन् । यस निर्वाचनको सबैभन्दा ठूलो मनोवैज्ञानिक पाटो जेनजी पुस्ताको असन्तुष्टि हो । सामाजिक सञ्जालमार्फत व्यक्त भएको आक्रोश, स्थापित नेतृत्वप्रति अविश्वास र वैकल्पिक राजनीतिक संस्कारको मागले पुराना दलहरूको आत्मविश्वास हल्लाएको छ । घोषणापत्रहरू नियाल्दा स्पष्ट हुन्छ, त्यहाँ धेरै डर र थोरै आशाको प्रतिविम्ब देखिन्छ । भ्रष्टाचारविरुद्ध कठोर कदम, युवालाई नेतृत्वमा ल्याउने प्रतिबद्धता, पारदर्शिता र डिजिटल शासनका वाचा यी सबै जेनजीलाई सम्बोधन गर्ने प्रयास हुन् । तर यिनमा पुरानो राजनीतिक संस्कारबाट पूर्ण विच्छेद देखिँदैन । नयाँ भनिएका दलहरू पनि यस मनोदशाबाट मुक्त छैनन्। जेनजी विद्रोहको भावनालाई नारामा प्रयोग गरे पनि प्रत्यक्ष रूपमा विद्रोही युवालाई नेतृत्व तहमा समावेश गर्न नसक्दा ती दलहरू 'हात्तीका देखाउने दाँत' जस्ता देखिएका छन्। संरचना र नेतृत्वको तहमा पुरानै शैली दोहोरिएको छ । पुराना दलमध्ये जेनजी आन्दोलनका बेला सत्ताको साझेदार दल तथा तत्कालीन प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस विशेष महाधिवेशनपछि नयाँ नेतृत्वमा केन्द्रित देखिएको छ । औपचारिक रूपमा पुस्तान्तरण र संगठन पुनर्संरचनाको सन्देश दिएको कांग्रेसले आफूलाई पुनर्जीवित गर्ने प्रयास गरिरहेको छ । विशेषगरी सधापति गगन थापाको सक्रियताले कांग्रेसभित्र ऊर्जा थपिएको देखिन्छ । थापाले युवामैत्री छवि निर्माण गर्दै कांग्रेसलाई पुरानो लोकतान्त्रिक विरासत फर्काउने कसरतमा दौडाइरहेका छन् । नीति, सुशासन र संस्थागत सुधारको भाष्यमार्फत कांग्रेसलाई वैचारिक रूपमा पुनर्स्थापित गर्ने प्रयास भइरहेको छ । गुटगत प्रतिस्पर्धा, टिकट वितरणको केही असन्तोष र नेतृत्वको हस्तान्तरणमा अपूर्णता कांग्रेसको चुनौती बनेको छ। जेनजी विद्रोहप्रति सहानुभूति देखाए पनि त्यसलाई पूर्ण रूपमा आत्मसात् गर्ने हिम्मत कांग्रेसले अझै देखाउन सकेको छैन । जेनजी आन्दोलन अघि सत्ताको नेतृत्व गरेको नेकपा एमाले यसपटक रक्षात्मक मनोदशामा देखिन्छ । निर्वाचनमा अध्यक्ष केपी शर्मा ओलीको दम्भ, घमण्ड र केन्द्रीकृत निर्णय प्रक्रियाले पार्टीलाई आन्तरिक र बाह्य रूपमा चुनौतीमा पारेको छ भन्ने विश्लेषणहरू भइरहेका छन् । उनका आलोचकहरूलाई टिकट नदिनु र आफ्नो गुटलाई मात्रै संरक्षण गर्दा देशैभर पार्टी परित्याग गर्ने क्रम बढिरहेको छ । ओलीको निर्वाचन क्षेत्र केन्द्रित प्रचारले राष्ट्रिय अभियानलाई प्रभावित बनाएको देखिन्छ । उनी झापा-५ मा केन्द्रित हुँदा देशव्यापी प्रचार पनि प्रभावकारी बन्न सकेको छैन । "देश बनाउने र देश जलाउने कसलाई भोट दिने?" जस्ता द्वैध नाराभन्दा पर एमालेले सशक्त वैकल्पिक दृष्टि प्रस्तुत गर्न सकेको छैन । तथापि एमालेले राष्ट्रियताको पक्षमा देखाएको विगतको अडानले उसलाई राहत दिएको छ । अझ जेनजी विद्रोहलाई पूर्ण अस्वीकार गर्दै त्यसलाई 'अराजक' वा 'देश जलाउने' प्रवृत्ति ठहर्याउँदा युवा मतदाताको समर्थन गुम्ने जोखिम बढेको छ । युवाको आक्रोशलाई सम्बोधन गर्न नसक्नु एमालेका लागि दीर्घकालीन चुनौती बन्न सक्छ । गणतन्त्र स्थापना अभियानको प्रमुख हिस्सेदारमध्ये एक तत्कालीन माओवादी धाराको निरन्तरतामा बनेको तथा २ दर्जन बढी कम्युनिस्ट घटक र समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी यसपटक तुलनात्मक रूपमा सुदृढ, एकताबद्ध र राजनीतिक एजेन्डासहित मैदानमा उत्रिएको देखिन्छ । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा पार्टीले राष्ट्रिय स्वाधीनता, संविधान रक्षा र कार्यान्वयन, सुशासन र उत्पादन र उत्पादकत्व वृद्धिमार्फत समृद्धिलाई प्रमुख मुद्दा बनाएको छ । नेतृत्व पुस्तान्तरणको एजेन्डामा आलोचना भए पनि युवा र सामाजिक क्षेत्रका स्थापित अगुवालाई उम्मेदवार बनाउँदै सकारात्मक सन्देश प्रवाह गर्ने प्रयास उसले गरेको छ । विगतमा गठबन्धनका कारण सीमित क्षेत्रमा मात्रै उम्मेदवारी दिने गरेको यस दलले यसपटक १६४ स्थानमा एकल उम्मेदवारी दिएको कारण मत बढ्ने र राम्रै नतिजा ल्याउने आत्मविश्वाससहित अगाडि बढेको भएतापनि सबै पुराना दल र नेता उस्तै हुन् भन्ने भाष्य चिर्नु उसको लागि चुनौति बनेको छ । तथापि उसले विशेषत: जेनजी विद्रोहप्रति शुरूदेखि नै सम्मानजनक धारणा राख्दा युवा मत आकर्षित गर्ने सम्भावना देखिन्छ। उसले राजधानीसहित देशभर प्रभाव विस्तार गर्ने रणनीतिले उसलाई प्रतिस्पर्धामा राहत मिलेको देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई नयाँ राजनीतिक विकल्पका रूपमा प्रस्तुत गरेको छ। तर यसअघि संसद र सरकारमा सहभागिता जनाइसकेको तथ्यले 'पूर्ण नयाँ' दाबीमाथि प्रश्न उठेको छ। नेतृत्वमाथि सहकारी ठगीलगायत विभिन्न आरोप, अदालती झमेलाहरू, उम्मेदवार चयनमा पैसाको चलखेलको चर्चा र केही उम्मेदवारमाथि लागेको आपराधिक आरोपले जनस्तरमा आलोचना निम्त्याएको छ । रास्वपाले सेलिब्रेटी उम्मेदवार र वैकल्पिक छविको प्रयोगमार्फत पार्टीले मतदाता आकर्षित गर्ने प्रयास गरिरहेको छ। दुई तिहाइ बहुमतको आह्वान गर्दै चुनावी दौडमा रहेको रास्वपाको घोषणापत्र हेर्दा स्पष्ट राजनीतिक वैचारिक रूपरेखा भन्दा प्रदेश र जिल्लापिच्छे फरक-फरक विकास योजना प्रस्तुत गरिएको देखिन्छ । जेनजी मतदातामाझ प्रभाव देखिएको भए पनि ठोस वैचारिक आधार नदेखिँदा दीर्घकालीन स्थायित्वबारे प्रश्न उठिरहेका छन् । कुलमान घिसिङसँगको एकता भंग हुनु र पछिल्लो समयमा केन्द्र र प्रदेश स्तरका कार्यकर्ताले पार्टी छाडिरहनुले विश्वास कायम राख्ने चुनौति पनि उसलाई छ । अन्य साना दल र मधेसवादी दलहरू पनि स्पष्ट राजनीतिक एजेन्डा र नेतृत्वको स्पष्ट भिजनसहित प्रस्तुत नहुँदा र नव युवाको आकर्षण नदेखिँदा विगतको विरासत गुम्ने चुनौतिमा छन् । राजतन्त्रको पुन:स्थापना सहितको एजेन्डामा अगाडि आएको राप्रपा अस्तित्व कायम राख्ने दौडमा छ । समग्रमा फागुन २१ को प्रतिनिधि सभा चुनाव दलहरूका लागि जीवनमरणको निर्णायक मोड बनेको छ । कांग्रेसका लागि नयाँ नेतृत्वलाई स्थायित्व दिने परीक्षा, एमालेका लागि आत्मालोचना र पुनर्संरचनाको चुनौती, प्रचण्ड नेतृत्वको नेकपाका लागि वैकल्पिक राजनीतिक शक्ति सावित गर्ने अवसर, र रास्वपाका लागि 'नयाँपन' प्रमाणित गर्ने कसौटी बनेको छ । विसं २०७२ सालमा नयाँ संविधान जारी भएपछि सम्पन्न आवधिक निर्वाचनमा प्रमुख राजनीतिक दलले नै गठबन्धन र तालमेल गर्दै सत्तामा पुगेका थिए । सत्तामा जान सिद्धान्त र विचार नमिल्नेसँग पनि गठबन्धन गरी चुनाव जित्ने वा चुनावलाई आफ्नो पक्षमा बनाउने कार्य यसपटकको निर्वाचनमा नहुने भएको छ । यसले गर्दा दलहरूको वास्तविक हैसियत यस पटकको चुनावमा प्रष्ट देखिनेछ । आम मतदाताले आफूलाई मन परेको दलको उम्मेदवारलाई भोट हाल्न पाउने छन् । विगतमा मतदाताले आफूले रोजेको र खोजेको पार्टी र उम्मेदवारलाई भोट हाल्न नपाउँदा एक किसिमको असन्तुष्टिको अवस्था थियो । मतदाताले आफ्नो विवेकसहित इच्छाएको पार्टीको उम्मेदवारलाई मत दिन पाउने भएसँगै नयाँ उत्साह थपिएको छ । यस पटकको निर्वाचनमा सबै दलको साङ्गठनिक शक्ति र जनविश्वास परीक्षण हुने भएकाले आम मतदाताको विश्वास जित्न निकै मेहनत गर्नुपर्ने अवस्था छ । यो चुनावले केवल संसदको अंकगणित मात्र तय गर्ने छैनह यसले नेपाली राजनीतिमा पुस्तान्तरण, वैचारिक स्पष्टता र लोकतान्त्रिक संस्कारको भविष्य पनि निर्धारण गर्नेछ। डर, आशा, आक्रोश र अपेक्षाबीच नेपाली मतदाता अन्तत: कसलाई भरोसा गर्ने भन्ने निर्णयको घडीमा छन्। यतिबेला मतदाताले विवेक गुमाउनु हुँदैन । हत्या र विध्वंस पुन दोहोरिन नदिन र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न यतिबेला एक मत निर्णायक बन्न सक्छ । त्यसैले मतदाताले पनि एकपटक टक्क अडिएर सोच्न र सहि दल र उमेदवारलाई मत दिन अनिवार्य देखिएको छ । फागुन २१ त्यस अर्थमा दलहरूको मात्र होइन, मतदाता र समग्र लोकतान्त्रिक यात्राकै पनि अग्निपरीक्षा हो । *-रासस*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धेरै बोल्ने बानीले अप्ठ्यारो पार्न सक्छ। व्यर्थको यात्रामा जान बाध्य भइएला। | **तुला** : पिताको सहयोगले रोकिएको कार्य सम्पादन हुनेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **वृष** : मनमा उमंग र उत्साह छाउनेछ। नयाँ कुरा सिक्ने मौका मिल्नेछ। | **वृश्चिक** : धार्मिक भ्रमणको योग छन्। पेशामा अधिकारीहरूबाट सहयोग पाइनेछ। |
| **मिथुन** : धैर्य पराक्रममा वृद्धि हुनेछ। स्पष्ट कुराले अरुलाई प्रभावित पार्न सकिनेछ। | **धनु** : विश्रामले उत्कृष्ट परिणाम दिलाउनेछ। दैनिकी कामहरूमा लाभ हुनेछ। |
| **कर्कट** : सहयोगीहरूबाट राम्रो समर्थन प्राप्त हुनेछ। व्यवसायमा मनग्य लाभ रहनेछ। | **मकर** : सहकारी संस्थाबाट लाभ लिन सकिएला। परीक्षामा सफलता मिल्नेछ। |
| **सिंह** : समयमा कार्य सम्पादन गर्न सकिनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। | **कुम्भ** : कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त भएतापनि परिस्थिति केही जटिल हुनसक्छ। |
| **कन्या** : कार्य सफलतापूर्वक सम्पादन गर्न सकिनेछ नयाँ अवसर र अनुभव प्रदान गर्नेछ। | **मीन** : साहित्य र कलाको क्षेत्रमा निखार आउनेछ भने शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। |

## विज्ञान/सूचना प्रविधि

# एआईले खाइदियो ४ हजारको जागिर



अमेरिकाको सिलिकन भ्यालीमा फेरि एकपटक ठूलो हलचल देखिएको छ । सोसल मिडिया प्लेटफर्म ट्वीटर (हालको एक्स) का सह-संस्थापक ज्याक डोर्सीले आफ्नो वित्तीय प्रविधि कम्पनी बल्क इंकमा कर्मचारी कटौतीको आश्चर्यजनक कदम चालेका छन् । जस अनुसार कम्पनीले करिब ४ हजार जना कर्मचारीलाई जागिरबाट हटाएको छ । यो भनेको उक्त कम्पनीका कुल कर्मचारीहरुको करिब ४० प्रतिशत हो । अनौठो त के भने सो कम्पनी कुनैपनि आर्थिक संकटमा नरहेको भए पनि सिइओ डोर्सीले हजारौँ कर्मचारी हटाएका हुन् । स्वयं ज्याक डोर्सीले नै कम्पनी घाटामा नरहेको भन्दै आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को बढ्दो प्रयोगका कारणले गर्दा अब कम जनशक्तिबाट बढी काम सम्भव भएको बताएका छन् । सोही कारण देखाउँदै कम्पनीले ठूलो मात्रामा कर्मचारी कटौती गरेको हो । सामान्यतया प्रविधि कम्पनीहरूले कर्मचारी कटौती गर्दा लागत कटौती, आर्थिक मन्दी वा पुनर्संरचनाजस्ता कारण देखाउने गर्छन् । तर बल्क कम्पनीले यसपटक स्पष्ट रूपमा एआई नै कर्मचारी कटौतीको मुख्य कारण भएको स्वीकार गरेको छ । प्रविधि अत्यन्त तीव्र गतिमा परिवर्तन भइरहेको र समयमै एआईलाई अबलम्बन गर्न नसक्ने कम्पनीहरू पछि पर्ने ज्याक डोर्सीले बताएका छन् । बल्क कम्पनीले हाल आफ्नो कार्यप्रणाली र व्यवसायिक मोडेललाई एआई केन्द्रित बनाउँदैछ । कम्पनीले क्यास एप र स्क्वायर जस्ता लोकप्रिय सेवाहरू सञ्चालन गर्छ, जहाँ अटोमेसन र एआईको प्रयोग निरन्तर बढिरहेको छ । सेयर बजारको सकारात्मक प्रतिक्रिया तर कर्मचारीका लागि झट्का कर्मचारी कटौतीको निर्णय बाहिरिएसँगै शेयर बजारमा सो कम्पनीको शेयर मूल्यमा तीव्र उछाल देखियो । रिपोर्टअनुसार सेयर मूल्य करिब २० देखि २५ प्रतिशतसम्म बढेको छ । एआईको प्रयोगले लागत घट्ने र दीर्घकालमा नाफा बढ्ने विश्वास लगानीकर्ताहरूमा छ । तर कर्मचारीहरूका लागि भने यो निर्णय निकै पीडादायी बनेको छ । एकैचोटि हजारौँको रोजगारी गुम्दा प्रविधि क्षेत्रभर चिन्ता बढेको छ । पछिल्ला वर्षहरूमा विश्वभर प्रविधि कम्पनीहरूले कर्मचारी कटौती गर्दै आएका छन् । तर यसपटक भने एआईलाई कर्मचारी कटौतीको कारकका रूपमा प्रस्तुत गरिनु विशेष चासोको विषय बनेको छ । उता कम्पनीका सिइओ ज्याक डोर्सीले भने जागिर गुमाएका कर्मचारीहरूलाई नियमअनुसार क्षतिपूर्ति र केही समयसम्म आर्थिक सहयोग उपलब्ध गराइने बताएका छन् । विभिन्न देशका श्रम कानुन फरक भएकाले उक्त सहयोग प्याकेज पनि कर्मचारीको देशअनुसार फरक हुन सक्ने बताइएको छ । ज्याक डोर्सीको कम्पनी ब्लकको पछिल्लो कदमले एउटा गम्भीर प्रश्न उठाएको छ: के एआले वास्तवमै मानिसहरूको रोजगारी खोस्दैछ ? विज्ञहरूका अनुसार एआईले रोजगारी पूर्णरूपमा समाप्त गर्दैन । बरू कामको स्वरूप परिवर्तन गर्छ । दोहोरिने र नियमित प्रकृतिका कामहरूमा एआइको प्रयोग तीव्र रुपमा विस्तार भइरहेको छ। तथापि यो निर्णयले आगामी दिनमा अन्य कम्पनीहरू पनि यस्तै दिशातर्फ जान सक्ने संकेत दिएको विश्लेषण हुन थालेको छ ।

*-अनलाइन खबर डटकम*

# वर्ल्डलिंकले ल्यायो नेपालमै पहिलो पटक ‘६जी’ इन्टरनेट प्रविधि




नेपालको अग्रणी इन्टरनेट सेवा प्रदायक, वर्ल्डलिंक कम्युनिकेसनले इन्टरनेटको नयाँ युगको शुरूआत गर्दै ‘६जी’ (वाइफाइ ६/८०२.११एएक्स) प्रविधि सार्वजनिक गरेको छ । सन् १९९५ मा इमेल सेवाबाट यात्रा शुरू गरेको वर्ल्डलिंकले डायल-अप र केबल इन्टरनेट हुँदै अब अत्याधुनिक वाइफाइ ६ प्रविधिमा फड्को मारेको हो । यस ‘६जी’ प्रविधिका मुख्य विशेषताहरू यस्ता रहेको वर्ल्डलिंकले बताएको छ:

**१, तीव्र गति र क्षमता:** नयाँ प्रविधिमा सिग्नलको डाटा घनत्व वाइफाइ ५ को तुलनामा ४ गुणा बढी रहेको छ । यसको अर्थ वाइफाइ ६ ले वाइफाइ ५ को तुलनामा ४ गुणा बढी डाटा थ्रुपुट बोक्न सक्छ ।

**२, उत्कृष्ट कभरेज:** यो प्रविधिले पुरानो वाइफाइ ५ को तुलनामा ४० प्रतिशत राम्रो कभरेज प्रदान गर्दछ, जसले गर्दा घरको हरेक कुनामा इन्टरनेटको पहुँच सहज हुन्छ ।

**३, धेरै उपकरणहरूमा सहज पहुँच:** यसमा भएको ओएफडीएमए प्रविधिले वायरलेस च्यानललाई स-साना सब-च्यानलहरूमा विभाजन गर्छ, जसले गर्दा धेरै उपकरणहरूमा एकैसाथ द्रुत गतिमा डाटा पठाउन सकिन्छ ।

**४, उच्च सुरक्षा:** सुरक्षाको दृष्टिकोणले यसमा डब्ल्यूपीए३ एडभान्स १९२ बिट्स सुरक्षा प्रोटोकल जडान गरिएको छ, जसले नेटवर्कलाई अनधिकृत प्रवेश (इन्ट्रयुडर्स) बाट सुरक्षित राख्छ ।

**५, ब्याट्री लाइफमा सुधार:** यसले प्रयोगकर्ताका उपकरणहरूको ब्याट्री लाइफ बढाउनसमेत मद्दत गर्छ।

**किन आवश्यक छ ‘६जी’ ?**


वर्ल्डलिंकले दिएको जानकारी अनुसार आजको समयमा एउटै घरमा कम्तीमा १० वटा उपकरणहरू इन्टरनेटमा जोडिएका हुन्छन् । वर्ल्डलिंकको यो नयाँ प्रविधिले १० वटा उपकरणहरू, भिडियो अपलोडिङ, जुम कल, अनलाइन गेमिङ र स्मार्ट टिभीमा ४ के भिडियो स्ट्रिमिङ गर्दा आउने बफरिङ र अवरोधका समस्याहरूलाई समाधान गर्नेछ । यसले सबैभन्दा कम ल्यागिङ र उच्च विश्वसनीयता प्रदान गर्दछ । वर्ल्डलिंकको ‘६जी’ प्याकेज र मूल्य: वर्ल्डलिंकले विश्वबजारको तुलनामा निकै सस्तो मूल्यमा यो सेवा उपलब्ध गराएको जनाएको छ ।

**यसका विभिन्न गति र मूल्यहरू निम्नानुसार छन्**

४०० एमबिपिएस रु. १२०९ प्रति महिना । ५०० एमबिपिएस : रु. १३३४ प्रति महिना । ६०० एमबिपिएस : रु. १६६७ प्रति महिना । नोकियासँगको सहकार्यमा ल्याइएको यो प्रविधिले नेपालमा इन्टरनेटको भविष्यलाई थप द्रुत र भरपर्दो बनाउने कम्पनीको विश्वास छ । ग्लोबल मार्केट डेभलपमेन्ट डाइरेक्टर मिस्टर नेमन्जा पिलिपोभिकले यस नयाँ विकासले प्रयोगकर्तालाई भविष्यको इन्टरनेट अनुभव प्रदान गर्ने बताएका छन् ।

*-हाम्रा कुरा डटकम*

# हाम्रो मनभित्रका अव्यक्त विचार कसरी पढ्दैछ एआई ?



ती महिला सास फेर्दा छाती तलमाथि हुने बाहेक रतिभर हल्लिएकी थिइनन्। उनका आँखा एकाग्र थिए र हात मुठ्ठी परेको थियो । उनको अगाडि रहेको स्क्रिनमा शब्दहरू बन्दै थिए, जुन बिस्तारै जोडिएर पूर्ण वाक्य बन्दै थिए। यी त्यस्ता वाक्य थिए, जुन उनी मुखले बोल्न सक्दिनन् । १९ वर्षअघि मस्तिष्कघातका कारण पक्षघातको सिकार भएकी ५२ वर्षीया ती महिला स्पष्ट बोल्न सक्दिनन् । तर यहाँ, उनको मनभित्र चलिरहेको कुराकानी उनको आँखा अगाडि स्क्रिनमा देखा पर्दै थियो । ‘टी१६’ नाम दिइएकी ती सहभागीको मस्तिष्कको अघिल्लो भागमा शल्यक्रियामार्फत स-साना इलेक्ट्रोडहरूको एउटा समूह राखिएको थियो। अहिले एआई जडित कम्प्युटरले उनले कुनै शब्द बोल्ने कल्पना गर्दा उनका न्युरोन (स्नायु कोष) ले निकाल्ने संकेतहरूलाई डिकोड गरेर स्क्रिनमा अक्षरको रूपमा अनुवाद गरिरहेको थियो । अमेरिकाको क्यालिफोर्नियास्थित स्ट्यानफोर्ड विश्वविद्यालयमा भइरहेको यो अध्ययनमा उनी, स्नायुसम्बन्धी रोग एएलएस भएका अन्य तीन बिरामीहरूसँगै सहभागी थिइन् । यसको उद्देश्य मानिसको सोचलाई वास्तविक समय मै अक्षरमा बदल्ने प्रविधिको परीक्षण गर्नु थियो । अनुसन्धानकर्ताहरूले सन् २०२५ को अगस्टमा आफ्नो यो सफलता सार्वजनिक गरे। त्यसको केही महिनापछि, जापानका शोधकर्ताहरूले मानिसले जे देखिरहेको छ वा मनमा जे कल्पना गरिरहेको छ, त्यसको विस्तृत र सटीक विवरण तयार गर्न सक्ने ‘माइन्ड क्याप्सनिङ’ प्रविधि सार्वजनिक गरे। यसमा मस्तिष्कको गतिविधिलाई अनुवाद गर्न तीन फरक एआई उपकरणहरू र मस्तिष्क स्क्यान विधिको संयोजन गरिएको थियो । यी दुवै अध्ययनहरू हालैका ती ठूला सफलताहरू हुन् जसले स्नायु वैज्ञानिकहरूलाई मानव मस्तिष्कको भित्री कार्यप्रणाली बुझ्ने नयाँ झ्याल खोलिदिएका छन् र बोल्न नसक्ने मानिसहरूलाई सञ्चार गर्ने अवसर प्रदान गरेका छन् । भविष्यमा यसले हामीले आफ्नो वरपरको संसार र एकअर्कासँग गर्ने अन्तरक्रियाको तरिकालाई नै पूर्ण रूपमा बदल्न सक्नेछ । ‘आगामी केही वर्षहरूमा, हामी यी प्रविधिहरूलाई व्यावसायिक रूपमा उत्पादन भई व्यापक रूपमा प्रयोग भएको देख्न थाल्नेछौँ,’ अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्निया, डेभिसको न्युरोप्रोस्थेटिक्स प्रयोगशालामा ब्रेन-कम्प्युटर इन्टरफेस विकास गरिरहेकी न्युरोइन्जिनियर मैत्रेयी वैरागकर भन्छिन् । इलोन मस्कको न्युरालिंकलगायत धेरै कम्पनीहरूले यस प्रविधिलाई प्रयोगशालाबाट निकालेर वास्तविक संसारमा ल्याउन व्यावसायिक ‘ब्रेन चिप’ उत्पादन गर्ने प्रयास गरिरहेका छन् । वैरागकर थप्छिन्, ‘यो निकै उत्साहजनक छ ।’ मानव मस्तिष्कसँग सीधै सञ्चार गर्न सक्ने उपकरण, जसलाई ब्रेन-कम्प्युटर इन्टरफेस (बीसीआई) भनिन्छ, बनाउन वैज्ञानिकहरूले निकै लामो समयदेखि काम गरिरहेका छन्। सन् १९६९ मा, अमेरिकी स्नायु वैज्ञानिक एबरहार्ड फेट्जले बाँदरहरूलाई खानेकुराको प्रलोभन देखाएर उनीहरूको मस्तिष्कको एउटै न्युरोनको गतिविधिबाट मिटरको सुई हल्लाउन सिकाउन सकिन्छ भन्ने प्रमाणित गरेका थिए । सोही समयको अर्को एउटा अनौठो प्रयोगमा, स्पेनी वैज्ञानिक जोसे डेलगाडोले रिसाएर दौडिरहेको साँढेको मस्तिष्कलाई रिमोटबाट नियन्त्रण गर्दै बीचमै रोक्न सफल भएका थिए । दशकौँदेखि बीसीआई प्रविधिले चालसँग सम्बन्धित मस्तिष्कका संकेतहरू डिकोड गर्दै आएको छ, जसले गर्दा प्रयोगकर्ताहरूले कृत्रिम हातखुट्टा वा स्क्रिनमा कर्सर नियन्त्रण गर्न सक्छन् । तर मस्तिष्कका संकेतहरूबाट बोली वा अन्य जटिल विचारहरू अनुवाद गर्ने बीसीआईको विकास भने सुस्त गतिमा भइरहेको थियो । ‘सुरुवाती चरणका धेरैजसो कामहरू बाँदर जस्ता जनावरहरूमा गरिएका थिए... र स्पष्ट छ कि जनावरहरूमा बोलीको अध्ययन गर्न सकिँदैन,’ वैरागकर भन्छिन् । यद्यपि, हालैका वर्षहरूमा सञ्चार क्षमता गुमाएका व्यक्तिहरू (जस्तै पक्षघात भएका वा लक्ड-इन सिन्ड्रोम भएका एएलएस बिरामीहरू) को बोली डिकोड गर्ने प्रयासमा यस क्षेत्रले उल्लेखनीय प्रगति गरेको छ । उदाहरणका लागि, सन् २०२१ मा स्ट्यानफोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले हातखुट्टा नचल्ने एक व्यक्तिलाई हावामा अक्षर लेखेको कल्पना गर्न लगाएर अंग्रेजी वाक्यहरू उत्पादन गर्न सफल भएका थिए । यो विधि प्रयोग गरेर उनले प्रतिमिनेट १८ शब्द लेख्न सकेका थिए । मानिसको सामान्य बोली प्रतिमिनेट करिब १५० शब्दको हुन्छ, त्यसैले अर्को चरण भनेको बोलीकै कारण उत्पन्न हुने स्नायु गतिविधिबाट शब्दहरू डिकोड गर्नु थियो । सन् २०२४ मा, वैरागकरको प्रयोगशालाले एएलएस भएका ४५ वर्षीय पुरुषले बोल्न खोजेका कुरालाई सीधै कम्प्युटर स्क्रिनमा अक्षरमा रूपान्तरण गर्ने प्रविधिको परीक्षण गऱ्यो । ९७.५% शुद्धताका साथ प्रतिमिनेट करिब ३२ शब्दको गति प्राप्त गर्नु, स्पीच बीसीआईले दैनिक सञ्चारमा कसरी मद्दत गर्न सक्छ भन्ने पहिलो प्रमाण भएको वैरागकर बताउँछिन् । यी विधिहरू मस्तिष्कको सतहमा शल्यक्रिया गरेर राखिने स-साना माइक्रोइलेक्ट्रोडहरूमा निर्भर हुन्छन् । ती इलेक्ट्रोडहरूले मस्तिष्कको जुन भागमा राखिएको छ, त्यहाँको स्नायु गतिविधिको ढाँचा रेकर्ड गर्छन् र कम्प्युटर अल्गोरिदमले ती संकेतहरूलाई अर्थमा परिणत गर्छ । यहीँनेर आर्टिफिसियल इन्टेलिजेन्सको एउटा प्रकार, मेसिन लर्निङको शक्तिले जादु देखाएको छ । यी अल्गोरिदमहरू विशाल तथ्याङ्कबाट ढाँचाहरू पहिचान गर्न सिपालु हुन्छन् । बोली डिकोड गर्ने मामलामा, मेसिन लर्निङ अल्गोरिदमलाई भाषाका साना एकाइहरूसँग सम्बन्धित मस्तिष्कको गतिविधिको ढाँचा पहिचान गर्न तालिम दिइएको हुन्छ । वैज्ञानिकहरूले यसलाई अमेजनको एलेक्साजस्ता स्मार्ट असिस्टेन्टमा हुने प्रक्रियासँग तुलना गरेका छन् । तर यसमा एआईले ध्वनिको सट्टा न्युरल (स्नायु) संकेतहरूको व्याख्या गर्छ । बोली डिकोड गर्ने यी हालैका प्रयासहरू जतिसुकै प्रभावशाली भए तापनि, केही समस्याहरू अझै बाँकी थिए । सामान्यतया, बिरामीहरूले आफूले भन्न चाहेका शब्दहरू शारीरिक रूपमा उच्चारण गर्न नसके पनि बोल्ने प्रयास गर्नुपर्ने हुन्थ्यो, अनि मात्र बीसीआई प्रविधिले त्यसलाई सही रूपमा अनुवाद गर्न सक्थ्यो । यसको कारण के हो भने, इलेक्ट्रोडहरू सामान्यतया ‘मोटर कर्टेक्स’ (मांसपेशीको चाल नियन्त्रण गर्ने मस्तिष्कको भाग) मा राखिएको हुन्छ । तर, बोल्ने प्रयास गर्दा बल पर्छ, जसले गर्दा सञ्चार प्रक्रिया ढिलो र कष्टकर हुन्छ । स्ट्यानफोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ताहरू आफ्नो पछिल्लो प्रयासमा अझ सजिलो तरिका छ कि छैन भनेर परीक्षण गर्न चाहन्थे: के उनीहरूले बोल्ने प्रयासका साथसाथै मनमनै सोचेको कुरालाई पनि वास्तविक समयमै टिप्न सक्ने विधि डिजाइन गर्न सक्छन् ? ‘हामीले उनीहरूलाई स्क्रिनमा रहेको निश्चित रङका आकृतिहरूको संख्या गन्न भन्यौँ, किनभने हाम्रो विचारमा यस्तो काम गर्दा मानिसले मनमनै अंक गन्छन्,’ यस लेखको सुरुमा उल्लेख गरिएकी महिला संलग्न अध्ययनका एक लेखक तथा स्ट्यानफोर्ड विश्वविद्यालयको न्युरल प्रोस्थेटिक्स ट्रान्सलेसनल ल्याबका सह-निर्देशक फ्रान्क विलेट भन्छन्, ‘हामीले त्यही पायौँ। हामीले मोटर कर्टेक्स हुँदै गुज्रिरहेका ती संख्याका शब्दहरूको संकेत भेट्टायौं, जसलाई हामीले टिप्न सक्यौं ।’ के यस प्रविधिले भित्री बोली पहिचान गर्न सक्छ? भन्ने प्रश्नको उत्तर प्रारम्भिक रूपमा ‘सक्छ’ भन्ने थियो। मनमनै वाक्य कल्पना गर्ने काममा, अनुसन्धानकर्ताहरूले वास्तविक समयमा ७४% सम्म शुद्धता प्राप्त गर्न सफल भए । अचानक आउने भित्री बोलीलाई प्रेरित गर्न डिजाइन गरिएका कामहरूमा शुद्धता केही कम भए पनि त्यो अनुमानभन्दा माथि नै थियो। तर, जब सहभागीहरूलाई तपाईंलाई मनपर्ने चलचित्रको संवाद सम्झनुहोस् जस्ता खुला प्रश्नहरू दिइयो, डिकोड गरिएको भाषा अधिकांश रूपमा अर्थहीन थियो । ‘हालको प्रविधिबाट हामी कसैको पूरै भित्री बोलीलाई शतप्रतिशत शुद्धताका साथ प्राप्त गर्न सक्दैनौँ,’ विलेटले भने, ‘तर हामी यी विभिन्न कार्यहरूमा भित्री बोलीका संकेतहरू स्पष्ट रूपमा टिप्न सफल भयौँ ।’ यस अध्ययनले हाम्रो मस्तिष्कमा भित्री बोली कसरी काम गर्छ भन्ने कुरामा थप प्रकाश पारेको छ । यसले भित्री बोलीका स्नायु ढाँचाहरू मोटर कर्टेक्समा हुने बोल्ने प्रयासका ढाँचाहरूसँग निकै मिल्दोजुल्दो हुने, तर त्यसबाट निस्कने संकेतहरू कमजोर हुने पत्ता लगायो । युनिभर्सिटी अफ क्यालिफोर्निया, डेभिसमा रहेको वैरागकरको प्रयोगशालाले सन् २०२५ मा अर्को ठूलो सफलता हात पाऱ्यो । उनीहरूले शब्दहरू मात्र नभई बोल्ने शैली, स्वरको उचाइ (पिच), गति र लयजस्ता गैरशाब्दिक पक्षहरू पनि डिकोड गर्न सकिने देखाए । मूलत: यसले बिरामीहरूलाई शब्दका साथै आफ्नो भावना र जोड पनि व्यक्त गर्न अनुमति दियो । ‘मानव बोली भनेको स्क्रिनमा देखिने अक्षर मात्र होइन,’ वैरागकर भन्छिन्, ‘हाम्रो अधिकांश सञ्चार हामी कसरी बोल्छौं, कसरी आफूलाई अभिव्यक्त गर्छौं भन्नेमा भर पर्छह हामीले बोल्ने कुराको अर्थ सन्दर्भ अनुसार फरक हुन्छ ।’ ‘धेरै मानिसहरूले यसको बारेमा सोधिरहेका हुन्छन्,’ ताकागी हाँस्दै भन्छन् । उनी कुनै दिन सपनाहरूलाई स्क्रिनमा उतार्न चाहन्छन्, तर अहिलेको लागि यो अत्यन्तै जटिल कुरा हो । केही अनुसन्धानहरूले त एकैपटक धेरै व्यक्तिहरूसँग सीधै ‘मस्तिष्कबाट मस्तिष्क’ सञ्चार गर्ने सम्भावना पनि औंल्याएका छन् । मनोरञ्जनको लागि मस्तिष्कमा दृश्य वा श्रवण अनुभवहरू उत्पन्न गराउन सम्भव होला कि भनेर आश गर्नेहरूलाई ताकागी धैर्य गर्न सल्लाह दिन्छन् । सैद्धान्तिक रूपमा यो सम्भव भए तापनि, प्राविधिक सीमितताका कारण यो अझै १० देखि २० वर्षसम्म सम्भव नहुने उनी बताउँछन् ।

*-रातोपाटी डटकम*

# आज विश्व वन्यजन्तु दिवस मनाइँदै




**पाल्पा,** फागुन १८/आज मार्च ३ अर्थात् विश्व वन्यजन्तु दिवस । वन्यजन्तु र मानवको बासस्थान पृथ्वीको अतिदोहन रोक्न तथा यसको जैविक विविधता, पर्यावरणीय एवं पारिस्थितिकीय प्रणालीको संरक्षणमा जोड दिँदै यो दिवस मनाइँदै छ । संयुक्त राष्ट्रसैको ६८ औँ महासभाले २० डिसेम्बर २०१३ मा जोखिममा रहेका वन्यजन्तु र वनस्पतिका बारेमा मानवलाई सचेत गराउने उद्देश्यले मार्च ३ लाई विश्व वन्यजन्तु दिवसको रूपमा घोषणा गरेको हो ।

सन् १९७३ मा आजकै दिन लोपोन्मुख प्रजातिका वन्यजन्तु र वनस्पतिको अन्तरराष्ट्रिय व्यापार महासन्धि (सिआइटिईएस)अनुमोदन भएको थियो । सोही वर्षको मार्च ३ देखि १४ सम्म थाइल्याण्डको राजधानी ब्याङ्ककमा आयोजित जलवायु परिवर्तनसम्बन्धी १६ औं राष्ट्रसैंीय सम्मेलन तथा सिआइटिईएस पक्षराष्ट्रको सम्मेलनले थाइल्याण्डको वन्यजन्तु दिवस मनाउने प्रस्ताव अनुमोदन गर्दै महासभासमक्ष स्वीकृतिका निम्ति अनुरोध गरेको थियो । विश्वमा भएका हरेक प्राणी अनि बिरुवाको लागि यस पृथ्वी साझा थलो हो, सबै प्राणी र विरुवाहरुको सुरक्षा, सम्वर्द्धन अनि उपस्थिति मानवको दायित्व हो । चोरी शिकारी, पैठारी अनि तस्करहरुको सक्रियताले नेपालमा पनि धेरै जनावरहरु र विरुवाहरुको विनाश भएको, हत्या भएको, नाशिएको इतिहास छ । विश्व पर्यावरणको ईकोसिस्टममा हरेक प्राणीहरुको आ-आृनै महत्व र योगदान छ तसर्थ सबै प्राणिहरुको सुरक्षा आजको आवश्यता हो । मानव जिवनको दिर्घकालिन उपस्थितीका लागि पनि वन्यजन्तु र बिरुवाहरु सबैको रक्षा गर्न जरुरी छ । संयुक्त राष्ट्रको सदस्य राष्ट्र थाइल्याण्डको पहलमा सन् २०१३ को एक सम्मेलनमा जंगली जनावर तथा विरुवाको अन्तर्राष्ट्रिय व्यापार बारे बहस भएको थियो । यो बहसमा जंगली जनावर तथा विरुवाहरुको अन्तर्राष्ट्रिय ब्यापार विषयमा अनि संसारमा भएका ३५ हजारभन्दा बढी जनावर र विरुवाको प्रजाति संरक्षणको लागि एउटा कदम मात्र भएको भनेर निर्णय लिईएको थियो । यस बहसको निस्कर्षलाई सिटिज अर्थात कन्भरसेसन अन इन्टरनेशनल ट्रेड इन इनडेन्जर इस्पेसिस भनेर नाम दिइएको थियो । अहिले सिटिजको अनुसार अन्तर्राष्ट्रिय व्यापारकै कारण लगभग ५ हजार प्रजातिका जनावरहरु र २९ हजार २ सय प्रजातिका बोटविरुवाहरु लोप हुने अवस्थामा छन् । यी जनावर र विरुवाहरुलाई खतराको सीमामा पर्न नदिन र अन्तर्राष्ट्रिय व्यापारले धेरै हद सम्म नियन्त्रण गरेको पनि पाइन्छ । आजको दिन ति लोप हुन सक्ने प्रजातिहरुको नियन्त्रणमा सिटिजको उत्साहपूर्ण योगदानलाई सम्झना गर्नुपर्ने दिन हो । विश्वको जैविक विविधता संरक्षणका लागि यस दिवसको विशेष योगदान रहनेछ । यो विश्व मानवको लागि मात्र हैन, यहाँ रहेका हरेक सजिव निर्जीव प्राणीहरुको यो विश्वमा मानवकै जतिको अधिकार छ । हामी एउटा सामाजिक र बौद्धिक प्राणी भएकाले यो कर्तव्य पनि हाम्रै हो ।

## निर्वाचन सामग्रीसहित...

...पाल्पाका ११८ वटै मतदान स्थलका २५३ वटा मतदान केन्द्रमा फागुन १८ गते नै सुरक्षाकर्मीको साथमा मतदान अधिकृत सहित कर्मचारी पुगी फागुन २१ को निर्वाचनको आवश्यक तयारीमा जुटेको पाल्पाका मुख्य निर्वाचन अधिकृत हरि प्रसाद शर्मा उपाध्याय पंगेनीले बताए । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपुर्ण रुपमा सम्पन्न गराउन मतदान स्थलमा पुगेका कर्मचारी सुरक्षाकर्मीहरु सक्रिय रहेका छन् । पाल्पाको क्षेत्र नम्बर १ मा ५२ मतदान स्थलमा १ सय १७ केन्द्र रहेका छन् भने क्षेत्र नम्बर २ मा ६६ वटा मतदान स्थलमा १ सय ३४ केन्द्र रहेका छन् । दुवै क्षेत्रमा गरी कुल २ लाख ७ हजार ४ सय ३६ मतदाताले आफ्नो मताधिकार प्रयोग गर्दै छन् । निर्वाचनको सुरक्षाका लागि ७ सय ५१ नेपाल प्रहरी र १ हजार ४ सय १३ म्यादी प्रहरी परिचालन गरिएको छ । शसस्त्र प्रहरीको १६ वटा मोवाईल टोली र नेपाली सेनाको ४ वटा सिओवि, १० वटा पिओवि र सबै मतदान स्थलमा एसओवि परिचालन भएका छन् । दुई सिटका लागि ३० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेकोले पाल्पामा अब सबैको ध्यान फागुन २१ को मतदानतर्फ केन्द्रित भएको छ ।

## 'मौन अवधि' सुरु...

...मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुललगायतका क्रियाकलाप गर्न नपाइने आयोगले जनाएको छ । मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजी मात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने आयोगले जनाएको छ ।निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ । मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयसहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्वपूर्ण रहन्छ । निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहने अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जानसक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो । मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुनेछ । मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ । यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्तिसुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ ।

### खेलकुद समाचार

## वेस्ट इन्डिजलाई हराउँदै भारत सेमिफाइनलमा



**काठमाडौं,** फागुन १८/आईसीसी टी-२० विश्वकपको 'सुपर एटङ्कमा वेस्ट इन्डिजलाई हराउँदै भारत सेमिफाइनलमा पुगेको छ । आइतबार बेलुकी भएको 'सुपर एटङ्कको खेलमा वेस्ट इन्डिजलाई ५ विकेटले हराउँदै भारत सेमिफाइनलमा पुगेको हो । वेस्ट इन्डिजले दिएको १ सय ९६ रनको लक्ष्य पछ्याएको भारतले १९ ओभर २ बलमा ५ विकेट गुमाएर भेटायो । भारतका सञ्जु स्यामसनले अविजित ९७ रन बनाए । त्यसअघि भारतको कोलकातामा टस हारेर ब्याटिङ गरेको वेस्ड इन्डिजले ५ विकेट गुमाएर १ सय ९५ रन बनायो । वेस्ट इन्डिजका रोस्टन चेसले सबैभन्दा धेरै ४० रन बनाए । 'सुपर एटङ्कको खेलमा दक्षिण अफ्रिकाले जिम्बाबेलाई ५ विकेटले हरायो । योसँगै टी-२० विश्वकपको सेमिफाइनल समिकरण पूरा भएको छ । समूह १ बाट दक्षिण अफ्रिका र भारत तथा समूह २ बाट इङ्गलायन्ड र न्युजिल्यान्ड सेमिफाइनलमा पुगेका छन् । यही बुधवार हुने पहिलो समिफाइनलमा दक्षिण अफ्रिका र न्युजिल्यान्ड तथा बिहिवार हुने दोश्रो सेमिफाइनलमा भारत र इङ्गयान्ड खेल्नेछन् । १०औं संस्करणको प्रतियोगिताको फाइनल खेल आउँदो आइतवार फागुन २४ गते हुनेछ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## चुनावका दिन पनि बैंकिङ सेवा उपलब्ध गराउन निर्देशन




**काठमाडौं,** फागुन १८/नेपाल राष्ट्र बैंकले सार्वजनिक बिदाका दिन बैंकिङ सेवा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ ।

एक निर्देशनमार्फत केन्द्रीय बैंकले होली पर्व र प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन अर्थात् फागुन २१ गते बिहीबारका दिन बैंकिङ तथा वित्तीय संस्थाका कार्यालय सञ्चालनमा रहने व्यवस्था मिलाउन आग्रह गरेको हो । राष्ट्र बैंकले सरकारी कारोबार गर्न तोकिएका वाणिज्य बैंकहरुद्वारा भुक्तानी व्यवस्था र राजस्व दाखिला गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ । निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाहरुद्वारा राजनीतिक दल तथा उम्मेदवारको नगद वा चेक वा अन्य विनिमय साधनहरुको दाखिला, भुक्तानीलगायतका बैंकिङ सेवा प्रदान गर्ने व्यवस्था मिलाउन भनिएको छ ।

*-रासस*

## सडक प्रयोग गर्दा ध्यान दिऔं।

-सडक सीमा अतिक्रमण नगरौं।
-सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
-सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
-सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
-सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
-सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
-सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
-जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
-सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।
यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई